थाहा-२ लाई थाहा-कैलाश पालिकास्तरीय अन्तरवडा भलिबल प्रतियोगिताको उपाधि । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-१७ ● २०८१ कार्तिक २६ गते सोमबार, ● 11 November, 2024, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## नयाँ महाअभियान चलाउँछु : प्रचण्ड

## ६४ को जनमत ८४ मा फर्काउँछु



विकास संवाददाता

थाहानगर

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्प कमल दाहाल 'प्रचण्ड'ले भ्रष्टचार विरूद्ध मेची महाकाली सुशासन महायात्रा चलाउने बताएका छन् । महायात्रामा जनतालाई बुझाएर जनमत आफुतर्फ ल्याउने विश्वास व्यक्त गर्दै प्रचण्डले भने-'६४ को जनमत ८४ मा फर्काउँछौं ।' अहिलेको सरकारप्रति इङ्गित गर्दै प्रचण्डले विचौलिया र भ्रष्टचारको 'सेटिङ' भत्काउन खोज्दा एमाले माओवादीको गठबन्धन टुटेको उनको भनाइ थियो । सुशासन स्थापित गर्न भ्रष्टचार अन्त्यका लागि प्रमुख प्रतिपक्ष दलको हैसियतले सरकार बाहिरै रहेर पनि महायात्रा संचालन गर्ने प्रचण्डले उल्लेख गरे । २४ कार्तिकमा नेकपा माओवादी केन्द्रको सहायक संगठन योङ कम्युनिष्ट लिग (वाईसिएल) नेपाल थाहानगर कमिटी मकवानपुरको दोस्रो अधिवेशन उद्घाटन गर्दै प्रचण्डले यस्तो बताएका हुन् ।

'सिंगो माओवादी पाटी र प्रचण्डलाई सक्काउन पुजा गरेर धुप बालेर बस्नेहरू पनि छन् तर यो हाम्रो अभियान रोक्किदैन' प्रचण्डले भने-'माओवादी जिउँदैछ, प्रचण्ड जिउँदैछ, मेची महाकाली नयाँ अभियान चालाउँछु-चलाउँछु ।' अभियानमा प्रत्येक्ष कार्यकारी प्रमुखको एजेण्डा समेत लिएर अघि बढ्ने र जनतालाई बुझाउने पूर्व प्रधानमन्त्री समेत रहेका प्रचण्डको भनाइ थियो ।

यस अघि एमाले र काँग्रेससंग गठनबन्धन गर्दा माओवादीको पहिचान गुमेको स्मरण गर्दै उनले भने-'कुजातसंग संसर्ग गर्दा उस्तै-उस्तै हुन पुग्यौं, सबैले यहि भन्न थाले अलिअलि बिग्रेउँ अब जनतासंग माफ मागेर अघि बढ्छौं ।' ३२ सिट हुँदा त एमाले काँग्रेस डराएका छन् ६४ को जनमत फर्किदा माओवादी शक्तिमा पुग्ने प्रचण्डको दाबी थियो ।

अहिलेको सरकारप्रति जनताको असन्तुष्टि बढ्दै गएको बताउँदै जनताले खोजेको विकल्पमा माओवादी रोजाइमा परेको उनको भनाइ थियो । पछाडि पारिएका समुदायका लागि माओवादीको सशित्तकरणबाटै मुलधारमा आउन सकेको बताउँदै त्यो कुरा जनताले अहिले बुझ्न थालेको बताए । गत असोजको विपदमा समेत सरकारले सर्वदलिय बैठक समेत बसाल्न नसकेको अवस्थामा आफूले त्यो काम गर्न थाल्दा बल्ल सरकार अग्रसर भएको उनले बताए ।

माओवादीको नेतृत्वमा सरकार हुँदा लोडसेडिङ मुक्त गर्नका लागि नेपाल विद्युत प्राधिकरणमा कुलमान घिसिङलाई प्रबन्ध निर्देशकमा आफैले नियुक्ति गरेको र लक्ष अनुसार लोडसेडिङ मुक्त भएको बताउँदै उनै कुलमानलाई निकाल्न अहिलेको सरकार लागि परेको उनको आरोप थियो । षड्यन्त्र गर्दै जनतालाई अध्यारोमा नराख्न प्रचण्डले खबरदारी गरे ।

मध्ये पहाडी लोकमार्ग आफ्नै प्रस्तावको मार्ग भएको बताउँदै यस मार्गकै कारण पहाडी क्षेमा पनि शहरीकरण हुँदै गएको उनले बताए । बागमती प्रदेशमा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषा बनाउन, नेपाल सम्वतलाई राष्ट्रिय संवत घोषणा गर्न आफू र आफ्नो पाटी माओवादीकै योगदान रहेको उनको भनाइ थियो । अहिलेको

बाँकी पेज ६ मा



### 'चित्लाङ-चन्द्रागिरि सडक कालोपत्रे गर्न गम्भीर रूपमै दबाब दिन्छु'

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चित्लाङ-चन्द्रागिरि-थानकोट सडक (गणेशमान सिंह मार्ग)का लागि आवश्यक बजेट विनियोजनका लागि सरकारलाई गम्भीर रूपमा दबाब दिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

योङ कम्युनिष्ट लिग (वाइसीएल) थाहानगरको दोस्रो नगर सम्मेलनका अवसरमा २४ कार्तिकमा आयोजित उद्घाटन तथा जनसभामा बोल्दै प्रचण्डले थाहानगरलाई काठमाण्डौं जोड्ने चित्लाङ-चन्द्रागिरि सडक स्तरीकरण र कालोपत्रे गर्न आवश्यक पहल गर्ने बताए । पहिले भन्दा अहिले सडकमा ग्राभेल गरेर केही सहज भैसकेको बताउँदै उनले सो सडक अहिले निकै राम्रो भएको बताएका छन् । प्रचण्डले भने-'सडक कालोपत्रेका लागि मेरो दबाब र जनताको आवज यो सरकारले सुनेन भने म फेरि आउँछु, म गर्छु ।'

पूर्वप्रधानमन्त्री प्रचण्ड २४ कार्तिकमा सोही बाटो भएर थाहानगर आएका थिए । प्रमुख प्रतिपक्ष दलको नेता समेत रहेका उनले वि.सं. २०५० सालको बाढीले पुऱ्याएको क्षतिको स्मरण गर्दै थाहा-२ फेदीगाउँ बस्ती बचाउका लागि आफ्नो ध्यान पुगेको प्रचण्डको भनाइ थियो । उनले इन्द्रायणी चौरको कबर्डहल, शीतभण्डार, डाँडाबास-दामगाडे-धादिङ सडक निर्माण प्रदेश सरकारको लगानीमा अघि बढि रहेको बताउँदै आफ्नै पाटी नेतृत्वको सरकार हुँदा शुरू गरिएका यस किसिमको विकास निर्माणका काम पूरा गरेरै छाड्ने बचन दिए ।

प्रचण्डले एकीकृत शहरी विकास कार्यक्रम अन्तर्गत थाहानगरको कुन्छाल कुलेखानी सडक स्तरीकरण, बसपार्क, थाहा पार्क निर्माण लगायतका कामले पूर्णता पाउने उल्लेख गरे । चित्लाङको मदन भण्डारी विश्वविद्यालयको शुरूवात भैसकेकोले यसले पनि यहाँको विकासका लागि टेवा पुगेको उल्लेख गरे ।

यसैबीच थाहानगर आइपुगेका प्रचण्डलाई थाहा नगरपालिका कार्यालयमा स्वागत गरिएको छ । थाहा नगरपालिकाका नगर प्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, कर्मचारीहरू लगायतले पूर्वप्रधानमन्त्री प्रचण्डलाई स्वागत गरेका छन् । स्वागतसँगै नगर प्रमुख विष्टले प्रचण्डसमक्ष थाहा नगरपालिकाको विकासको अवस्था, संघ तथा प्रदेशको सहयोगका सवाल र चुनौतिहरूका बारेमा जानकारी गराएका थिए ।

### इन्द्रसरोवरमा प्रमुख प्रशासकीय अधिकृत फेरिए: कार्की गए, लामा आए



◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा रामचन्द्र लामा हाजिर भएका छन् । यस अघिका प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले सरूवा भई ९ कार्तिकमा रमाना लिएर गएपछि लामा १६ दिनपछि लामा हाजिर भएका हुन् ।

नयाँ प्रमुख प्रशासकीय अधिकृत लामालाई पालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीले स्वागत गरेका थिए । लामा इन्द्रसरोवरमा उमाकुण्ड गाउँपालिका रामेछापबाट सरूवा भई आएका हुन् । कार्की भरतपुर महानगरपालिका सरूवा भएका हुन् ।

### बागमती गाउँपालिकाको बजेटमाथि परेको रिट खारेज

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटमाथि परेको रिट खारेज भएको छ । २१ कार्तिकमा उच्च अदालत पाटन हेटौंडाका न्यायाधीशहरू शान्ति सेढाई सापकोटा र सानू मैया डंगोलको संयुक्त इजलासले उक्त रिट खारेज भएको फैसला गरेको हो ।

गत असारमा गाउँपालिकाका अध्यक्ष सर्केश घलान र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानविरूद्ध परेको उत्प्रेषण परमादेश मुद्दा खारेज भएको हो । चालू आर्थिक वर्ष २०८१/८२ का लागि गाउँपालिकाले ल्याएको बजेट रोक्न गाउँपालिकाका उपाध्यक्ष फणीन्द्र तिमल्सिनासहित बागमती-९ का वडाअध्यक्ष पुनराम घलान, ८ का वडाअध्यक्ष ईन्द्रमणि तिमल्सिना, र ७ नम्बरका वडाअध्यक्ष उत्तरबहादुर भोलनले अदालतमा रिट दर्ता गराएका थिए ।

बाल बिवाह रोक्नु सबैको दायित्व

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

- विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)
- तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।
- विवाह गर्न पूरा हुनु पर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन

मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## सम्पादकीय

### खेलकुदको महत्व

युवा र खेलकुद अहिलेको समाजको प्रमुख पक्ष हुन्। खेलकुदले युवाको दैनिक जीवनमा धेरै सकारामत्क भूमिका खेलेको हुन्छ।बालबालिका र किशोरकिशोरी खेलकुदमा संलग्न हुँदा उनीहरूले धेरै फाइदाहरू लिन सक्छन्। यसले शारीरिक विकाससहित विभिन्न मानसिकस्थितिमा मद्दत गर्छ। सानै उमेरमा मूख्य खेलकुद कौशल हासिल गर्नाले जवान भईसक्दा  व्यक्ति परिपक्व हुन्छ। अनि भविष्यमा सान्दर्भिक गतिविधिहरूमा संलग्न हुने सम्भावना बढ्छ। बालबालिकाको खेलकुदमा सहभागिताको दर बस्तीको भन्दा सहरी बालबालिकाको तुलनामा कम हुने तथ्यले देखाएको छ। त्यसैगरी एउटै आवासीय क्षेत्रमा रहेका पुरुषहरूको तुलनामा सहरी र ग्रामीण महिलाहरूले खेलकुदमा कम भाग लिन्छन् । यसबाहेक समान उमेरका केटाहरूको तुलनामा विभिन्न जातीय मूलका केटीहरूले कम स्तरको व्यायाम प्रतिष्ठानमा जाने पाइएको छ । खेलकुदले जीवनमा सकारात्मक भूमिका खेल्न सक्छ। सम्मान र समानताका साथै लैङ्गिक क्षेत्रमा समान सहभागितालाई प्रोत्साहित गर्छ। खेलकुदमा युवा सहभागिताले किशोरकिशोरीलाई स्वास्थ्य सम्बन्धी जीवनशैलीमा संलग्न रहन र उनीहरूको शारीरिक स्वास्थ्यलाई प्रभाव पार्न सक्छ। त्यसैगरी, फाइदाहरूको बारेमा कुरा गर्दा शारीरिक रूपमा सक्रिय बच्चाहरूले व्यायाममा नियमितता दिने, उनीहरूको हड्डी र मांसपेशी बलियो हुने भएका कारण शरीरमा बोसो कम हुने उच्च सम्भावना हुन्छ।

खेलकुद, संस्कृति र मनोरञ्जन बालबालिकाको जीवनको अभिन्न अंग हुनुपर्छ। व्यायाम प्राप्त गर्न, नयाँ साथीहरू बनाउन र विभिन्न क्षेत्रहरूमा नयाँ क्षमताहरू प्राप्त गर्ने खेलकुद उत्कृष्ट तरिका हो। बालबालिकाको स्वास्थ्यका लागि व्यायामलाई बढावा दिनु महत्त्वपूर्ण छ। सबै उमेरका बालबालिकाले शारीरिक गतिविधि गर्दा धेरै स्वास्थ्य लाभ लिन सक्छन्। जब बालबालिका खेलकुदका आधारभूत कुराहरूमा केन्द्रित हुन्छन्, उनीहरू युवा उमेरमा खेलाडी हुँदा अझै रमाइलोसँग शारीरिक व्यायामलाई प्रोत्साहन दिन्छन्। बाल्यकालमा रमाइलो खेलकुद अनुभवका लागि खेलको मागसँग बच्चाको तयारी मिलाउने, प्रशिक्षक र अभिभावकहरूबाट सकारात्मक आचरण, यथार्थपरक लक्ष्य सेटिङ गर्ने, चोटपटक न्यूनीकरण र व्यवस्थापन जस्ता तत्वहरूको संयोजन चाहिन्छ। यस्तै खेलकुदको संलग्नतालाई कायम राख्न र वयस्क हुँदासम्म शारीरिक गतिविधिलाई सहज बनाउन खेलकुदको एट्रिसन कम गरिनुपर्छ ।यसले संकेत गर्छ कि स्वस्थ र सक्रिय जीवनशैलीको लागि शारीरिक तन्दुरुस्ती, आनन्द र जीवनभरको सिकाइबीच सन्तुलन निर्माण गर्नु पर्छ।

हामी भन्न सक्छौं कि खेलकुदमा संलग्न हुँदा सबै प्रकारका शारीरिक फाइदाहरू प्राप्त गर्न सकिन्छ। जस्तै खेलकुदमार्फत राम्रो प्रतिरक्षा प्रणाली विकास हुँदा रोगहरूको कम सम्भावना हुन्छ। यस्तै स्वस्थ शारीरिक जीवनशैलीले नेतृत्व क्षमता समेत विकास गर्छ। शारीरिक गतिविधिमा सक्रिय सहभागिता भए लामो, स्वस्थ र रमाइलो जीवन सम्भव छ। अझ खेलकुदमा संलग्न हुँदा जीवनका महत्त्वपूर्ण मूल्यहरू पनि सिक्न सकिन्छ। खेलकुदमा, जित र हार सामान्य हो भन्ने अनुभवले भविष्यमा युवाहरूलाई जित–हारलाई सजिलैसँग सामना गर्न प्रोत्साहन गर्छ। खेलकुदले उनीहरूलाई सानै उमेरमा जीवनमा सामना गर्नुपर्ने रणनीतिहरू विकास गर्न सहयोग गर्छ। त्यसैले उनीहरूले कठिन परिस्थितिलाई राम्ररी व्यवस्थापन गर्न सक्छन्। अन्ततः खेलकुदको सकारात्मक प्रभावले युवाहरूको शरीर र दिमाग दुवैको विकासमा योगदान पुऱ्याउन सक्छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |

# पर्यटन मात्र नबनोस् विश्व जलवायु सम्मेलन



◆ महादीप पोखरेल

कोप२९ आगामी नोभेम्बर ११ देखि २२ तारिखसम्म अजरबैजानको बाकुमा हुँदैछ । यो सम्मेलनमा 'क्लाइमेट फाइनान्स' र 'कार्बन क्रेडिट'को विषय छलफलको सबैभन्दा प्राथमिक सूचीमा रहेकाले पनि यसलाई 'फाइनान्स कोप'समेत भनिएको छ ।

संसारका अन्य देशझैँ नेपालका प्रतिनिधिले सम्मेलनमा सहभागिता जनाउनेछन्। कोप२९ मा नेपालबाट हालसम्म वनमन्त्रीस्तरको सहभागिता हुने निश्चित भए पनि राष्ट्रप्रमुख वा सरकार प्रमुख तहको उच्चस्तरीय सहभागिता हुने भन्ने विषयमा स्पष्ट भइसकेको छैन।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको १५औँ सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधव नेपाल, सन् २०१८ मा पोल्यान्डमा भएको २४औँ सम्मेलनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्यान्डमा भएको २७औँ सम्मेलनमा तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवा र गत वर्ष यूएईको दुबईमा भएको कोप२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको उच्चस्तरीय प्रतिनिधिमण्डलको सहभागिता थियो ।

सो सम्मेलनमा प्रस्तुत गरिने 'पेपर'मा जलवायु परिवर्तनका कारण नेपालले भोगेको क्षतिको तथ्यगत विवरण प्रस्तुत गर्ने छ । र प्रभावितलाई परेको असर भावनात्मक तरिकामा उठाउन विशेष तयारी गरिएको पेपर तयारीमा जुटेका मन्त्रालय स्रोतहरूले बताएका छन्। अर्थ मन्त्रालय स्रोतअनुसार हिमालय क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभावबारे अन्तर्राष्ट्रिय समुदायलाई सशक्त रूपमा अवगत गराउनुपर्नेमा जोड दिँदै नेपालले सम्मेलनमा अनुदानमा ध्यान केन्द्रित गर्नुपर्छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार जलवायु परिवर्तनले नेपाली कृषकले भोग्नुपरेको क्षतिको क्षतिपूर्तिबारे पेपरमा राख्न सुझाएको छ । मन्त्रालयका अनुसार हिमाली र पहाडी क्षेत्रमा प्राथमिकता दिँदै अनुकूलनका लागि अन्तर्राष्ट्रिय लगानी बढाउनुपर्छ ।

राष्ट्रिय योजना आयोग स्रोतका अनुसार भने कोष परिचालन क्षमताको कमीकै कारण अन्तर्राष्ट्रिय दातासँग सहयोग माग्न असहज भइरहेको छ। यस्तो अवस्थामा छिमेकी देशहरूसँग 'जलवायु कूटनीति' प्रयोग गर्नु उपयुक्त हुन्छ ।

वन तथा वातावरण मन्त्रालयका अनुसार  हिमालय क्षेत्रका मुलुकहरूको साझा मञ्च बनाई, जलवायु न्याय, लैंगिक र समावेशिताको कोणबाट  कोपमा सशक्त एजेन्डा प्रस्तुत गर्नुपर्ने बताइएको छ। यता, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जलवायु वित्तमा पहुँचका लागि प्रक्रियाहरूमा सरलीकरण गर्नुपर्ने र नेपालको हाइड्रोपावर क्षेत्रमा जलवायु वित्तमार्फत लगानीको बढाउन प्रयत्न गर्नुपर्छ ।

### जलवायुसँग जोडिएका हाम्रा तत्कालका समस्या के के हुन र अब के गर्ने ?

गत असोज ११ र १२ गतेको वर्षाका कारण अकल्पनीय विनाश निम्तिए। ठाउँ–ठाउँमा आएका बाढीपहिरोका कारण धनजनको क्षति भयो। सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा गत साउन ३२ गते अचानक अकल्पनीय रूपमा बाढी आउँदा केही जन र धेरै धनको क्षति भयो। अघिल्लो असोजमा मुस्ताङमा समेत बाढी आएको थियो, जसले त्यहाँका कतिपय भौतिक संरचना बिगाऱ्यो ।

केही वर्षअघि मेलम्ची नदीमा आएको बाढीका कारण आयोजनालाई नै क्षति गरायो। जलवायुजन्य परिस्थितिका कारण हानिनोक्सानी धेरै बढ्दो छ । हिमालमा हिउँ पग्लँदै जाँदा हिम पहिरोलगायत समस्या निम्तेका छन्। वायुमण्डलमा तापक्रम वृद्धि भएर नयाँ 'रेकर्ड ब्रेक' भइरहँदा हाम्रै आँखाअगाडि प्राकृतिक विपत्ति निम्तेका छन् । यिनै कारणले निकट भविष्यमा मूल सुक्ने समस्या विकराल बन्न सक्छ। यी सबै समस्या प्राथमिक रूपमा हामीले झेल्नुपर्ने भएकाले जलवायु परिवर्तन गराउन मुख्य भूमिका खेल्ने मुलुकले हामीलाई विपत्ति झेल्न पुग्ने वित्त उपलब्ध गराउनुपर्छ भनेर हामीले माग गर्नुपर्छ । किनकि विपत्तिको असर व्यवस्थापनका लागि नयाँ वित्त आवश्यक पर्छ । विकसित मुलुकहरूले १०० अर्ब अमेरिकी डलर वार्षिक रूपमा जलवायु वित्त जम्मा गर्ने भन्ने छ, तर अब त्यसले मात्र पुग्दैन। खर्ब डलरको कुरा गर्नुपर्छ ।

जलवायु परिवर्तनको असर तीव्र गतिमा बढिरहेकाले जलवायुजन्य हानिनोक्सानी सम्बोधन गर्न जलवायु परिवर्तनका कारण कृषि, पर्यटन, वातावरण, पूर्वाधार, स्वास्थ्य, मानवीय लगायतका क्षेत्रमा पर्ने असर सम्बोधन गर्न क्षतिपूर्तिको व्यवस्थाको माग गर्नुपर्छ। सरकारको दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) तथा राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय जलवायु वित्त, क्षमता र प्रविधिको आवश्यकता भएकाले यस पटकको कोपमा पनि जलवायु वित्तलाई नै बढी प्राथमिकता दिइएको बताइन्छ। तर यसका लागि हामी जलवायुको क्षेत्रमा अधिकार मात्र खोज्दैनौँ, हाम्रा प्रतिबद्धता पनि पूरा गर्छौं भनेर पनि आफूलाई प्रमाणित गर्न सक्नुपर्छ। तर परियोजनाहरू आएर पनि कार्यान्वयन हुन समय लाग्ने गरेको छ। योचाहिँ हामीले सुधार गर्नुपर्ने विषय हो ।

त्यसो हुँदा नेपाललगायत विश्व समुदायले जलवायु वित्तको विषय कसरी सम्बोधन गर्ने र नयाँ लक्ष्य कसरी निर्धारण गर्ने भन्नेबारे केन्द्रित हुनुपर्छ। कोपमा उठाउने जलवायु मुद्दा सम्बोधन गराउन 'टापु मुलुक'को पनि ऐक्यबद्धता हुनुपर्नेछ। यसको निम्ति 'लबिइङ' चाहिन्छ। जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि सरकारले मुख्य ६ वटा अजेन्डालाई उच्च प्राथमिकता दिएर तयारी थालिरहेको छ । वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानिनोक्सानी, न्यूनीकरण कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताको विषयगत कार्यपत्र तयार भएको छ । तर नेपालले कार्बन व्यापारको मुद्दामा समय खर्चनुभन्दा वातावरणीय विनाशको क्षतिपूर्तितर्फ आफ्नो बहस र लबिइङ प्रस्तुत गर्दा उचित हुन्छ। गत वर्ष यूएईको दुबईमा भएको कोप२८ मा स्थापना गरिएको जलवायुजन्य हानिनोक्सानीसम्बन्धी कोषको प्रभावकारी कार्यान्वयनका लागि पनि दबाब दिनुपर्ने अवसर हो यो कोप।

### जलवायुमा विश्व राजनीतिको असर

अर्को कुरा, अजरबैजानमा हुन गइरहेको कोप२९, महत्त्वपूर्ण भूराजनीतिक विभाजन र विश्वका केही क्षेत्रमा चलिरहेका द्वन्द्व तथा अमेरिकी चुनावी नतिजापश्चात् विशेष वातावरणमा सम्पन्न हुन गइरहेको छ। यी सबै घटनामा अमेरिका, रूस र चीनलगायत शक्तिसम्पन्न राष्ट्रहरू संलग्न छन्। यसले गर्दा यो सम्मेलन, विगतभन्दा फरक हुनेछ। त्यसो हुँदा हाम्रो तयारी त्यसअनुसार पनि हुनुपर्छ ।

भर्खरै महत्त्वपूर्ण ब्रिक्स सम्मेलन सम्पन्न भयो। यी सबै परिस्थितिको प्रभाव कोप२९ मा समेत देखिने सम्भावना छ । यी विषयले ब्रिक्स र नाटोबीच असहमति पनि सिर्जना गर्न सक्छ। ब्रिक्स देशहरूले कार्बन न्यूनीकरणको सट्टा आफ्नो विकास आवश्यकतालाई प्राथमिकता दिन सक्छन्। जबकि, नाटो राष्ट्रहरू सहभागी क्षेत्रीय युद्धहरूका कारण कार्बन उत्सर्जनको मात्रा उत्तिकै धेरै छाछलफलमा यी अजेन्डा आए भने सहभागी राष्ट्रहरूबीच अन्तर्संघर्ष बढ्नसक्छ। दोस्रो, युरोपको हालको ऊर्जा संकटलाई ध्यानमा राख्दै ऊर्जा सुरक्षामा धेरै राष्ट्रले जोड दिन सक्नेछन् । नवीकरणीय ऊर्जा दीर्घकालीन समाधान भए पनि केही देशले जीवाश्म इन्धनलाई 'संक्रमणकालीन' स्रोतका रूपमा लिनुपर्ने तर्क गर्न सक्छन् । यसले जीवाश्म इन्धनको चरणबद्ध बहिष्करणको बहसलाई जटिल र विवादास्पद बनाउन सक्छ ।

तेस्रो, भूराजनीतिक ध्रुवीकरणका कारण विकासशील देशहरूले जलवायु वित्तमा अझ बढी दबाब दिन सक्छन्। उनीहरूले विकसित भनिने देशहरूसमक्ष अघिल्ला प्रतिज्ञाहरू पूरा गर्नुपर्ने माग राख्न सक्छन्। भूराजनीतिक प्रतिस्पर्धाको सन्दर्भमा प्रविधि हस्तान्तरण अर्को महत्वपूर्ण विषय बन्न सक्छ, जसमा विकासशील देशहरूले नवीकरणीय ऊर्जा, कार्बन क्याप्चर र दिगो कृषि क्षेत्रमा पहुँचको माग गर्न सक्छन् । अहिलेसम्म औद्योगिक देशहरूले 'कार्बन व्यापार' भन्दै विकासोन्मुख राष्ट्रहरूलाई अलमल्याउँदै र क्षतिपूर्ति कोषको जिम्मेवारीबाट तर्किँदै आएका छन् ।

# मिर्गौला संक्रमण किन हुन्छ ?

मिर्गौलाको काम रगतलाई शुद्ध गर्ने, काम नलाग्ने पदार्थ छानेर पिसाब मार्फत बाहिर निकाल्नु हो । मिर्गौला शरीरको मेरूदण्ड नजिक दुई भाग ओगटेर बसेको हुन्छ, जुन मूत्रथैली नजिकको भाग हो । जसमा मूत्राशय र मूत्रनली हुन्छ । यस्तोमा कुनै कारणवश ब्याक्टेरिया वा भाइरसले मूत्रनलीमा संक्रमण गराई मिर्गौलामा समेत प्रवेश गर्छ भने मिर्गौलामा संक्रमण भएको भनेर बुझ्छौं । मिर्गौलाको संक्रमणले एउटा वा दुवै मिर्गौलालाई प्रभावित गर्न सक्छ । यस्तो अवस्थालाई मेडिकल भाषामा 'पायलोनेफ्राइटिस' भनिन्छ ।

### कारण

मिर्गौला संक्रमण कुनै पनि उमेरमा हुनसक्छ । तर पुरूषको तुलनामा यो समस्या महिलामा बढी देखिन्छ । यसको मुख्य कारण भनेको महिलाको मूत्रनली तुलनात्मक रूपमा छोटो हुन्छ । दिसा र पिसाब गर्ने भाग नजिकै हुँदा संक्रमणको जोखिम उच्च हुन्छ । पिसाब संक्रमण पटक–पटक भए मूत्रनली हुँदै मिर्गौलासम्म संक्रमण फैलिन सहज हुन्छ ।

गर्भावस्थाको क्रममा पाठेघरको आकारमा वृद्धि हुँदा मूत्रथैलीमा दबाब पर्ने हुँदा पिसाबथैलीमा कीटाणुले संक्रमण गरी मिर्गौलासम्म पुग्न सक्छ । पुरूषमा भने प्रोस्टेट ग्रन्थी बढेर वा चोटपटक लागेर मूत्रनली साँघुरो भएमा हुनसक्छ ।

महिला र पुरूष दुवैमा साझा रूपमा पत्थरी, मधुमेह रोग अनियन्त्रित, बच्चादेखि नै पिसाबनली साँघुरो हुनु, पिसाब गलत दिसामा गएर पुनः मूत्रथैलीमै फर्किनु, सेतो रक्तकोषको मात्रा कम हुनु, एचआईभी, केही औषधिको प्रयोग र मिर्गौलामा दुई मूत्रनलीमा भएमा र मिर्गौला प्रत्यारोपण गरेका बिरामीमा यो समस्या हुनसक्छ ।

त्यस्तै, पिसाब लामो समयसम्म रोक्ने बानीले पनि मिर्गौलामा संक्रमण हुनसक्छ । ईकोली, प्रोटियुस मिराबिलिज, इन्टेरोब्याक्टर, स्टाफाइलोकोकस जस्ता ब्याक्टेरियाले पिसाबदेखि मिर्गौला संक्रमण गराउने ईकोली, प्रोटियुस मिराबिलिज, इन्टेरोब्याक्टर, स्टाफाइलोकोकस नामक ब्याक्टेरिया हुन् ।

### लक्षण

मिर्गौला संक्रमण भएमा यसको लक्षण केही घण्टा वा केही दिनमा तीव्र रूपमा सुरू हुन थाल्छ । बान्ता हुनु, पटक–पटक पिसाब आउनु, पिसाब लागेको जस्तो अनुभव भइरहनु, पिसाबमा रगत देखा पर्नु, पिसाब गन्हाउनु, ज्वरो आउनु, कम्मर दुख्नु, कमजोर अनुभव गर्नु, भोक कम लाग्नु, दुवै कोखा दुख्नु र काम ज्वरो आउनु यसका सामान्य लक्षण हुन् ।

### पहिचान

लक्षणको आधारमा पिसाबको परीक्षण गरिन्छ । पिसाब परीक्षणमा युरिन कल्चर गरिन्छ । जसबाट भाइरस र कीटाणुको विकासबारे पत्ता लाग्छ । कतिपय अवस्थामा सिटी स्क्यान र अल्ट्रासाउन्ड गरी मूत्राशय र मिर्गौलाको अवस्था पनि हेरिन्छ ।

### उपचार

मिर्गौला संक्रमणको जोखिम अनुसारको एन्टिबायोटिक औषधि चलाउनुपर्ने हुन्छ । जुन ३ देखि १४ दिनसम्म नियमित लिनुपर्छ । पटक–पटक पिसाब संक्रमण भइरहेको छ भने कारण पत्ता लगाएर लक्षणअनुसारको उपचार गराउने, प्रोस्टेट ग्रन्थी बढेमा वा पत्थरी भएमा शल्यक्रिया गराउन आवश्यक हुन्छ ।

### जटिलता

यदि उपचार भएन भने दीर्घकालीन मिर्गौला रोग, संक्रमण मिर्गौला हुँदै र गतमा फैलिन सक्छ । जसले 'ब्लड प्रेसर लो' हुने मात्र नभई मृत्यु हुनसक्छ ।

# गिजा र दाँतमा आउने समस्याबाट कसरी बच्ने ?

नेपालीहरूमा दाँतमा कीरा लाग्ने र गिजाको समस्या बढी देखिन्छ । दाँतको समयमा हेरचाह नगर्दा विभिन्न समस्या देखा पर्ने गरेका छन् । दाँतका कारण मुखको रोग पनि देखा पर्छ ।

यदि दाँतको सफाइ र हेरचाह राम्ररी गर्ने हो भने यी समस्या निम्तिने सम्भावना कम हुन्छ । त्यसैले दाँत र गिजामा के कस्ता समस्या देखा पर्छन् ? स्वास्थ्यको महत्त्वपूर्ण भाग गिजा र दाँतको समस्या समाधान कसरी गर्ने त यसबारे जानी राखौं ।



### मुख गन्हाउने कारण के-के हुन् ?

सास गन्हाउने समस्याको मुख्य दुई कारण हुन्छ । एउटा मुखको कारण निम्तिन्छ र अर्को मुखभन्दा बाहिरको कारण । मुखमा घाउ खटिरा आएमा, जिब्रो राम्ररी सफा नहुँदा, गिजा पाकेमा, दाँतमा कीरा लागेमा, खाल्डो परेमा तथा दाँत राम्ररी सफा नभएमा पनि मुख तथा सास गन्हाउने गर्छ । त्यसैगरी दाँतको कापमा तथा मुखमा फोहोर जम्मा भएर बसेमा पनि त्यहाँ अड्किएका फोहोरका कारण मुख गन्हाउने गर्छ ।

त्यस्तै, मुखमा जटिल समस्या उत्पन्न भएमा मधुमेह, श्वासप्रश्वासनलीमा मिर्गौलामा समस्या उत्पन्न भएमा पनि मुख तथा सास गन्हाउने समस्या उत्पन्न हुने गर्छ ।

### गिजाबाट रगत आउने कारण ?

नियमित ब्रस गरिएन वा गिजाको सफाइमा ध्यान दिइएन भने दन्ते लेउ जम्मा हुन्छ र गिजामा भएका ब्याक्टेरियाका कारण गिजा सुन्निने, चिलाउने दुख्ने र पाक्ने जस्ता समस्या देखिन्छ । जसले गर्दा सुरूमा गिजाबाट रगत आउने र समयमा उपचार भएन भने ठूलो सङ्क्रमणमा परिवर्तन हुनसक्छ । जसले गर्दा पेरियोडोन्टाइटस नामको रोगको मुख्य कारण बन्न सक्छ । त्यो रोगले गिजा यति कमजोर हुन्छ कि दाँत हल्लिने र झर्ने समस्या समेत आउँछ ।

### दाँत सिरिङ-सिरिङ गर्ने समस्याको कारण चाहिं के हो ?

दाँत सिरिङ–सिरिङ हुनुलाई मेडिकल भाषामा हाइपर सेन्सेटिभिटी भनिन्छ । यसको विभिन्न कारण हुन्छ । दाँतको बाहिरी भागलाई इनामेल भनिन्छ । इनामेलभन्दा भित्रको भाग डेन्टिन हो । सबैभन्दा भित्रको भागलाई पल्प भनिन्छ । विभिन्न कारणवश इनामेल खिइँदा डेन्टिन देखिन्छ र सिरिङ–सिरिङ हुन्छ । गिजा आफ्नो ठाउँबाट तल झर्‍यो भने त्यसको कारण पनि दाँत सिरिङ–सिरिङ हुन्छ ।

### दाँत कीरा लाग्ने कारण नि ?

दाँतमा कीरा विभिन्न कारणले लाग्छ । खानेकुरा खाएपछि राम्रोसँग सफा नहुँदा दाँत फोहोर हुन्छ र कीरा लाग्छ । खानेकुरा खाँदा दाँतमा अड्कियो र मुख कुल्ला गरिएन भने दाँतमा कीरा लाग्ने सम्भावना बढी हुन्छ ।

### गिजाको समस्या र दाँतमा कीरा लाग्ने समस्याको उपचार के छ ?

यदि गिजासम्बन्धी कुनै समस्या देखा परे दन्त चिकित्सककहाँ गएर गिजामा जम्मा भएको दन्त लेउ र दन्ते पत्थरलाई सफा गर्नुपर्छ । जम्मा भएर बसेको फोहोर सफा भएपछि गिजाको समस्या ठीक हुन्छ । गिजा सम्बन्धी जटिल समस्या देखिएको छ भने शल्यक्रिया पनि गर्नुपर्ने हुनसक्छ । गिजाको आकार एकदमै बढेको, गिजा तलतिर सरेको, गिजामा पिप जम्मा भएर ठूलो सुन्निएको जस्ता अवस्थामा शल्यक्रिया गर्नुपर्छ । यसका लागि गिजा रोग विशेषज्ञ दन्त चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

दाँतमा कीरा लाग्न थालेपछि दाँतको सतह कालो हुँदै जान्छ । दाँतमा भर्खरै कीरा लाग्न थालेको छ भने सिमेन्ट लगाएर भर्न सकिन्छ । त्यस्तै कीरा लागेर दाँत खाल्डो भइसकेको छ भने दुई चरण गरेर सिमेन्ट लगाउन सकिन्छ । दाँत दुखेको, सुन्निएको र हल्लिएको छ भने दाँतलाई जरासम्म कीराले खाइसकेको बुझ्न सकिन्छ । त्यसका रूट क्यानल उपचार (आरसीटी) गर्नुपर्ने हुन्छ । यो विधिमा दाँतको जरादेखि उपचार गर्दा दाँतको चपाउने भाग वा भित्री भागमा सानो प्वाल बनाएर दाँतको नसासम्म पुगेर उपचार गरिन्छ ।

### दाँतको र गिजाको समस्याबाट बच्ने उपाय

दिनको दुई पटक खाना खाइसकेपछि उपयुक्त तरिका प्रयोग गरेर दाँत माझ्नुपर्छ । दाँत माझ्दा फ्लोरिडेटेड पेस्टको प्रयोग गर्नुपर्छ, जसले दाँतलाई मजबुत बनाउँछ । दाँत माझ्नुका साथै हरेक पटक खाना खाइसकेपछि राम्रोसँग कुल्ला गर्नुपर्छ, जसले दाँतमा दन्ते लेउ जस्तो फोहोर बस्न दिंदैन । दाँतको बीचबीचमा रहेका फोहोरहरू ब्रस गर्दा ननिस्किन सक्छ । त्यसैले डेन्टल फ्लसको प्रयोग गरेर निकाल्नुपर्छ । मुखबाट दुर्गन्ध आउँछ भने माउथवासको प्रयोग गर्न सकिन्छ । तर यसलाई लामो समय प्रयोग गर्न भने मिल्दैन । माउथवासमा 'एन्टिब्याक्टेरियल प्रोपटी' हुन्छ । त्यसले मुखमा भएको चाहिने जीवाणुलाई पनि मारिदिन्छ र मुखमा फंगल इन्फेक्सन हुने, घाउ आउने जस्ता समस्या निम्तिन सक्छ । त्यसैले माउथ फ्रेसनरलाई दैनिक प्रयोग गर्नु राम्रो हुँदैन । चिकित्सकको सल्लाहमा प्रयोग गर्नुपर्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# बकैया गाउँपालिकाका वडाध्यक्ष दंगाल पुर्पक्षका लागि थुनामा

◆ विकास संवाददाता

मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकाको ४ नम्बर वडाका वडाध्यक्ष राजन दंगाल पुर्पक्षका लागि भीमफेदी कारागार चलान भएका छन् ।

जिल्ला न्यायाधीश सकुन्तला कार्कीको इजलासले बुधबार सरकारी कागजात कीर्तेको अभियोगमा दंगाललाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्न आदेश गरेको अदालतका अधिकृत दिलीप राईले जानकारी दिए । उनीविरुद्ध गत असार दोस्रो हप्ता अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो ।

दंगाल चार महिनापछि बुधबारे अदालतमा उपस्थिति भएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । वडाध्यक्ष दंगालमाथि स्याङ्जाकी मृतक उमादेवी गुरुङको नागरिकता कीर्ते र जग्गा पास सम्बन्धी प्रक्रियाका लागि नक्कली कागजात बनाएर सिफारिस गरेको अभियोग छ । जिल्ला प्रहरी कार्यालयमा गुरुङको श्रीमान् भारतीय मूलका एमसी परेराले विगत ६ महिना अगाडि वडाध्यक्ष दंगालसहित ७ जनाविरुद्ध जाहेरी दिएको मकवानपुर प्रहरीले जनाएको छ ।

गुरुङको नाममा उमादेवीको ललितपुर, कीर्तिपुर र चितवनमा रहेको करोडौं मूल्य पर्ने जग्गा हत्याउने प्रयास भएको प्रहरीले विभिन्न चरणमा गरेको अनुसन्धानहरूबाट खुलेको बताइएको छ ।

# नेकपा एमाले भीमफेदी कमिटीको सपथ ग्रहण



◆ विकास संवाददाता

नेकपा एमाले भीमफेदी गाउँपालिकाको नवनिर्वाचित कमिटीको सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । बागमती प्रदेश कमिटी सदस्य एवं अध्यक्ष मण्डलका अध्यक्ष भगवती पुडासैनीको अध्यक्षता तथा नेकपा एमाले केन्द्रीय सदस्य एवं मकवानपुर इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि रानाले बधाई तथा शुभकामना मन्तव्य राख्दै मुलुकलाई गम्भीर दुर्घटनाबाट बचाउन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ गठबन्धन निर्माण भएको बताए उनले मिसन ८४ को बारेमा प्रष्ट पार्दै लोकतन्त्र र कानुनी राज्यप्रतिको विश्वास र त्यसको मर्यादामा रहेर पार्टीलाई सशक्त बनाउन र जनताको विश्वास जित्न मिसन ८४ को परिकल्पना गरिएको बताएरानाले नेकपा एमालेसँग नेपाली समाजको आर्थिक, सामाजिक र वैचारिक शक्तिको परिवर्तन गर्न सक्ने दृढ संकल्प रहेको र यो अभियान भीमफेदीबाट सुरु गर्न नवनिर्वाचित कमिटीलाई निर्देशन दिए । उनले गरि खाने वर्ग र श्रमजीवी वर्गको पक्षमा उभिन नेता तथा कार्यकर्तालाई आग्रह गरे ।

कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटी सदस्य बलराम बल, जिल्ला कमिटी अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामालगायतले शुभकामना मन्तव्य राखेका थिए । ५ असोजमा सम्पन्न नेकपा एमाले भीमफेदीको अधिवेशनबाट सीताराम थापाको अध्यक्षतामा ५३ सदस्यीय पालिका कमिटी गठन भएको थियो ।

# राक्सिराङमा कार्यक्रम सञ्चालन गर्दा पालिकाको स्वीकृती अनिवार्य स्वीकृती लिनुपर्ने

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकामा कुनैपनि गतिविधि र कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाको स्वीकृति अनिवार्य भएको छ । गाउँपालिकाभित्र अनधिकृत व्यक्ति, संघ, संस्थाका गतिविधि रोक्न गाउँपालिकाले सूचना जारी गरेर समन्वय गरेर मात्रै गतिविधि सञ्चालन गर्न आग्रह गरेको हो ।




स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार गैर सरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक संघसंस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कानुनी व्यवस्थाको उल्लंघन हुने गरी नियामनकारी निकायको रूपमा रहेका जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसँगको समन्वयविना नै विभिन्न अनधिकृत व्यक्ति, संस्थामार्फत् राक्सिराङ गाउँपालिकाभित्रका विभिन्न स्थानका विपन्न जातजाति, भाषाभाषि, धार्मिक समुदायको नाममा खाद्यपदार्थ, लत्ताकपडा वितरण गर्ने, चन्दा सहयोग गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने, विभिन्न सामाजिक तथा आर्थिक गतिविधि सञ्चालन हुने गरेको भन्दै गाउँपालिकाले समन्वय गरेर मात्रै गतिविधि गर्न आग्रह गरेको हो ।

अवैधानिक गतिविधिका कारणले सिर्जना हुनसक्ने प्रतिकुल परिस्थिति, समुदायको परनिर्भरता बढ्ने, लाभग्राही छनोटमा पारदर्शिता नहुने, सञ्चालक व्यक्ति वा संस्था जवाफदेही नहुने जस्ता अवस्थालाई मध्यनजर गर्दै त्यस्ता गतिविधि निरुत्साहित गर्न गाउँपालिका लागि रहेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । उनले गाउँपालिकासँगको समन्वय र स्वीकृतिबेगर गतिविधि सञ्चालन हुन नदिन सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, जनप्रतिनिधि, नगर प्रहरी इकाई र सरोकारवालालाई अपिल गरेको जानकारी दिए ।

गाउँपालिकाभित्र बसोवास गरिरहेका अति सीमान्तकृत, विपन्न समुदाय, असहाय बालबालिका, बेसहारा अशक्त वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएका व्यक्ति, आर्थिक, सामाजिकरूपले पिछडिएका समुदाय, विपद्को कारणले धनजनको क्षति व्यहोरेका परिवारलगायत जोखिममा रहेका समुदायको जीवनस्तर उत्थानमा गाउँपालिका सदैव तत्पर रहेको पनि उनले स्पष्ट पारे । उनले पालिकासँग सहकार्य गर्न इच्छुक व्यक्ति वा संस्थाले स्वीकृति लिई एकद्वार प्रणालीबाट आफ्ना गतिविधि सञ्चालन गर्न आह्वान गरे ।

# थाहानगरका फोटो पत्रकार विष्ट काठमाण्डौमा पुरस्कृत

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील फोटो पत्रकार गणेश विष्ट सम्मानित भएका छन् । विष्ट एनएफपिजे हरि गोपाल प्रधान फोटो पत्रकारिता पुरस्कार संस्कृति/सम्पदा फोटो पत्रकारिता पुरस्कार, २०८० बाट पुरस्कृत भएका हुन् ।

विकास खबरपत्रिका साप्ताहिकमा आवद्ध विष्ट राष्ट्रिय फोटो पत्रकार समूहको २७ औं साधारण सभाको अवसरमा काठमाण्डौमा आयोजित कार्यक्रममा सम्मानित भएका हुन् । विष्ट केही वर्षअघिबाट पर्यटन प्रवर्द्धन क्षेत्रमा समेत क्रियाशील छन् । उनले विशेषतः पदयात्राको पहिचान तथा प्रचार प्रसारमा योगदान दिदै आएका छन् ।



राष्ट्रिय फोटो पत्रकार समूहले नेपाली फोटो पत्रकारलाई वर्षेनी सम्मान गर्दै आएको छ । २४ कार्तिकमा उनीसहित ६ जना सम्मानित भएको राष्ट्रिय फोटो पत्रकार समूहले जानकारी दिएको छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहा-२ लाई थाहा-कैलाश पालिकास्तरीय अन्तरवडा भलिबल प्रतियोगिताको उपाधि




◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर २ भलिबल टिमले आयोजक सल्ले राम्चे युवा क्लब ुए लाई पराजित गर्दै थाहा-कैलाश पालिकास्तरीय अन्तरवडा भलिबल प्रतियोगिताको उपाधि उपाधि चुमेको छ । थाहा नगरपालिका वडा नम्बर ७ डाँडाबास स्थित खेल मैदानमा भएको फाइनल खेलमा आयोजक ुए लाई १५-२५, २५-२१, २१-२५, २५-२२ र १५-९ को अन्तरले पराजित गरेको हो ।

उपाधि चुमेसंगै थाहा-२ ले नगद ५१ हजार १ सय ५१ रूपियाँ नगदसहित शिल्ड मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । द्वितीय हुने आयोजक सल्ले राम्चे युवा क्लब 'ए' ले ३१ हजार १ सय ३१ रूपियाँ पुरस्कार पाएको छ । प्रतियोगितामा थाहा ५ भलिबल टिम तृतीय भएको छ । तृतीय भएसंगे थाहा-५ टिमले १३ हजार १ सय १३ रूपियाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिता संयोजक सुजिन्द्र गोलेले जानकारी दिए । थाहा-५ ले सशक्त रातो थाहा-७ लाई २५-२०, २५-२३, २२-२५ र २५-२२ को अन्तरले पराजित गर्दै तृतीय स्थान लिन सफल भएको हो ।

प्रतियोगितामा आयोजक सल्ले राम्चे युवा क्लब 'बी'का प्रतीक वाइवा उदियमान खेलाडी घोषित भए भने थाहा-५ का पुजन गुरूङ वेस्ट सर्भर, आयोजक सल्ले राम्चे युवा क्लब 'ए' का अनिल मोक्तान वेष्ट डिफेन्डर, थाहा-२ का प्रवेश कार्की वेस्ट ब्लकर, थाहा-२ कै सागर तामाङ वेस्ट सेटर घोषित भए । त्यस्तै आयोजक 'ए'का रमेश थिङ वेस्ट स्पाइकर र थाहा-२ का सुजल कार्की उत्कृष्ट खेलाडी घोषित भए । विधागत उत्कृष्ट खेलाडीहरूले पनि नगद तथा ट्रफी पुरस्कार पाएका छन् ।

प्रतियोगिताका विजयी टिम तथा विधागत उत्कृष्टता हासिल गरेका खेलाडीहरूलाई कार्यक्रमका प्रमुख अतिथी तथा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीलगायतका अतिथीहरूले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

सल्ले राम्चे युवा क्लबको आयोजनामा भएको प्रतियोगिताको सहआयोजक हिमशिखर बचत तथा ऋण सहकारी संस्था थाहा-७ डाँडाबास रहेको थियो । थाहा नगरपालिका वडा नम्बर ७ मुख्य सहयोगी रहेको प्रतियोगिताको अफिसियल मिडिया पार्टनरहरू पालिका प्रेस डटकम, थाहा टाइम्स र थाहापाटी रहेका थिए । प्रतियोगिता समापन तथा पुरस्कार वितरण कार्यक्रम प्रतियोगिताका संयोजक सुजिन्द्र गोलेको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा सहयोग गर्ने सहयोगीहरूलाई कदरपत्र सहित सम्मान गरिएको थियो । पुरस्कार वितरण समारोहमा थाहा-२ का वडा अध्यक्ष बम बहादुर सिन्तान, वडा नम्बर ६ का अध्यक्ष राजनभक्त श्रेष्ठ, ७ नम्बर अध्यक्ष शिवराज थिङ, ८ नम्बर वडा अध्यक्ष हेम कुमार थिङ, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबु अर्याल, वडा सदस्यहरू, विभिन्न संघसंस्थाका पदाअधिकारीहरू लगायतकाको आतिथ्यता रहेको थियो ।

# थाहाका अफिम कारोबार गर्ने २ जनालाई जनही १५ वर्ष जेल




◆ विकास संवाददाता

अफिम कारोबार गरेको ठहर गर्दै जिल्ला अदालत मकवानपुरले दुई अभियुक्तलाई जनही १५ वर्ष कैद गर्ने फैसला सुनाएको छ । अदालतले ती दुई अभियुक्तलाई जनही ५ लाख रूपैयाँ जरिवाना गर्ने आदेश गरेको छ ।

जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईको २१ कार्तिकमा बसेको इजलासले थाहा नगरपालिका वडा नम्बर ८ काभ्रेका ५४ वर्षीय तेजबहादुर थिङ र थाहा नगरपालिका वडा नम्बर ११ टिस्टुङका ४३ वर्षीय शरण थिङलाई अफिम कारोबार गरेको ठहर गर्दै उक्त फैसला गरेको हो ।

थिङद्वयलाई प्रहरीले २०८० चैत १० गते हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० दिलखुश खाजा घरबाट २ किलो अफिमसहित पक्राउ गरेको थियो । अदालतले दोषी ठहर गरेका दुवै जना सात महिनादेखि क्षेत्रीय कारागार भीमफेदीमा थुनामा थिए ।

# वाइसिएल थाहानगरको अध्यक्षमा सुनार निर्वाचित

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को सहायक संगठन योङ कम्युनिष्ट लिग (वाईसिएल) नेपाल थाहानगर कमिटी मकवानपुरको दोस्रो अधिवेशनले केशव सुनार अध्यक्ष पदमा निर्वाचित भएका छन् । उनी सर्वसम्मत निर्वाचित भएका हुन् ।



वाइसिएल थाहानगरको २४ कार्तिकबाट शुरू भएको दोस्रो अधिवेशनले २५ कार्तिकमा सुनारको अध्यक्षतमा ७३ सदस्यीय नगर समिति निर्वाचित गरेको छ । नगर समितिको पहिलो बैठकबाट १३ सदस्यीय पदाअधिकारी चुनिने नेकपा माओवादी केन्द्र थाहानगरले जनाएको छ ।

अधिवेशनको भव्य इन्द्रायणी चौर मा भएको भव्य समारोहकाबीच २४ कार्तिकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेका थिए ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिधालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विधालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विधालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# चित्लाङको मदन भण्डारी विश्वविद्यालय निर्माणका लागि चिनियाँ सहयोग मागिने

◆ विकास संवाददाता

आधा खर्ब लागत अनुमान भएको मकवानपुर थाहा नगरपालिका चितलाङस्थित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणका लागि चिनियाँ सहयोग मागिने भएको छ । प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा मकवानपुरको चितलाङमा निर्माणाधीन विश्वविद्यालय निर्माण सहयोगका लागि छलफल हुने सम्भावना छ ।

चीन सरकारको निमन्त्रणामा प्रधानमन्त्री ओली डिसेम्बर २ मा चीन भ्रमणमा जाँदैछन् । भ्रमण निश्चित भएसँगै चिनियाँ राष्ट्रपतिलगायत प्रतिनिधि मण्डलसँगको भेटमा नेपालको तर्फबाट राखिने एजेन्डाको तयारीमा सरकार लागिपरेको छ । जसमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणको विषय पनि छलफलको एजेन्डा हुने निश्चित भएको स्रोतले बताएको छ ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट सार्वजनिक भइसकेको छ । यो विश्वविद्यालय आयोजनाको निर्माण लागत ३७६ मिलियन डलर अर्थात् ४९ अर्ब २५ करोड ६० लाख रूपैयाँ हुने अनुमान गरिएको छ । यो विश्वविद्यालय एक अनुसन्धानमुखी विश्वविद्यालयका रूपमा स्थापना गरिएको हो । नयाँ ज्ञान र प्रविधि सिर्जना र अनुसन्धानको माध्यमबाट नयाँ ज्ञान र प्रविधि विकास गर्न सक्षम जनशक्ति उत्पादन गरी अर्थतन्त्र विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्यसहित विश्वविद्यालय विकास गर्ने लक्ष्य रहेको छ । सरकारले सन् २०१९ अप्रिल २३ मा चितलाङमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि तयारी गर्न विभिन्न गतिविधिहरू सञ्चालन गर्ने उद्देश्यका साथ मदन भण्डारी विश्वविद्यालय पूर्वाधार समिति गठन गरेको थियो । प्रस्तावित आयोजनालाई ४१.२९ हेक्टर वनको जग्गा आवश्यक पर्नेछ ।

विश्वविद्यालय निर्माणका लागि वन फडानी नहुने जनाइएको छ । विश्वविद्यालयको भवन निर्माण क्षेत्र २ लाख २३ हजार वर्गमिटर रहेको छ । यो विश्वविद्यालय थाहा नगरपालिकाको चित्लाङमा रहने छ । भवनमा २ सयभन्दा बढी कोठा हुने छन् । काठमाडौंबाट २५ किलोमिटर चन्द्रागिरि हुँदै यहाँ पुग्न सकिन्छ । विश्वविद्यालयको भवन आर सीसी बन्ने छ ।

वार्षिक ४ हजार विद्यार्थीले यहाँ अध्ययन गर्न सक्नेछन् । आयोजनाका मुख्य विशेषतामा शैक्षिक भवन, कम्युनल भवन, छात्रावास, ६ सय कर्मचारीका लागि आवास, ४० कोठा भएको गेष्टहाउस, २५ शैयाको अस्पताल, विद्यालय, सडक, खानेपानी आपूर्ति र ढलनिकास, बिजुलीआपूर्तिका लागि सौर्य प्यानल, विद्युत र सञ्चार सञ्जाल रहेको छ ।

## नयाँ महाअभियान.. .

सरकारले काम गरेँ भन्ने नाउँमा जनतालाई आँखामा छारो हालेको बताउँदै प्रचण्डले भने–'सय दिनको काम भनेर सबै मेरै नेतृत्वको सरकारले गरेको कामको विवरण पो ल्याएछन् ।'

सभामा सम्बोधन गर्दै प्रचण्डले रूपचन्द्र विष्टको योगदानको समेत चर्चा गरे । उनी थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टको शालिक उद्घाटन गर्न १६ वर्ष अघि पहिलो पटक औपचारिक कार्यक्रममा थाहा नगरपालिका आएका थिए ।

यसैबीच कार्यक्रममा माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाले माओवादी आन्दोलन चिल भएको बताए । चिलले आवश्यक परेको अवस्थामा ह्वात्तै उडान बढाउनसक्ने भन्दै उनले माओवादलाई कमजोर नआक्न चेतावनी दिए । अहिलेको सरकार भ्रष्टाचारको चङ्गुलमा फसेको बताउँदै उनले देशलाई भ्रष्टाचारको चचङ्गुलबाट मुक्त गर्न माओवादी देशको नेतृत्वमा आएरै छाडनुपर्ने बताए ।

# नेकपा माओवादी केन्द्र थाहानगरद्वारा आभार व्यक्त

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) थाहानगर कमिटिले २४ कार्तिकमा थाहानगरको इन्द्रायणी चौरमा सम्पन्न विशाल जनसभा भव्यताको साथ सम्पन्न गर्न सहयोग गर्नेहरूप्रति आभार व्यक्त गरेको छ । माओवादी केन्द्र थाहानगरले २५ कार्तिकमा एक विज्ञप्ती जारी गर्दै माओवादीको सहायक संगठन योङ कम्युनिष्ट लिग (वाइसिएल) नेपाल थाहानगर कमिटीको दोश्रो अधिवेशनको अवसरमा आयोजित विशाल जनसभा भव्य रूपमा सम्पन्न भएको जनाएको छ ।

थाहानगर अध्यक्ष बिनोद लामाद्वारा जारी विज्ञप्तीमा भनिएको छ– 'जनसभामा आम जनसमुदायको उल्लेखनीय सहभागिताले हाम्रो पार्टीले अंगिकार गरेको सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको निम्ति भ्रष्टाचार विरूद्धको अभियानमा जनताको पूर्ण समर्थन रहेको पुष्टि गरेको छ ।' जनसभामा उपस्थित प्रमुख अतिथी माओवादी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, उपाध्यक्ष तथा पूर्व सभामुख अग्नी सापकोटा एवम केन्द्रीय कमिटीको अन्य सदस्यहरू, वाइसिएल नेपाल केन्द्रीय कमिटीको ईन्चार्ज, अध्यक्ष, सदस्यहरू, माओवादी बागमती प्रदेश कमिटीको पदाधिकारी, सदस्यहरू वाइसिएल नेपाल बागमती प्रदेश कमिटीको पदाधिकारी, सदस्यहरू, निर्वाचित जनप्रतिनिधीहरू, जिल्ला समन्वय समितीको संयोजक, सचिब, सदस्यहरूप्रति थाहानगर कमिटले विज्ञप्ती मार्फत आभार व्यक्त गरेको छ ।

त्यसैगरी जनसभा सफल पार्न अहोरात्र खटिने थाहानगर कमिटीको ईन्चार्जलगायत नगर कमिटीको पदाअधिकारी तथा सबै सदस्यहरू, विभिन्न जनवर्गिय संगठन, मोर्चा, पेशागत संघ, महासंघको नेतृत्वपंक्ति, पार्टी वडा कमिटीका सदस्यहरू, कलाकारहरू, सुरक्षाकर्मीहरू, पत्रकारहरू तथा विशेषगरी जनसभामा उपस्थित सम्पुर्ण जन समुदायहरूप्रति माओवादीले आभार व्यक्त गरेको छ ।

नेकपा माओवादी केन्द्रले पार्टीमा आवद्ध बाहेक अन्य सम्पूर्णलाई इङ्गित गर्दै, जनसभा सम्पन्न गर्न नैतिक, भौतिक, आर्थिक लगायत हरतरहले सकरात्मक भावनाकोसाथ सहयोग गर्नेहरूप्रति समेत जारी गरिएको विज्ञप्ती मार्फत आभार व्यक्त गरेको छ ।

सुशासन प्रवर्द्धन गरौं !

– कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
– भ्रष्ट्राचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
– सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
– राज्य र समाजप्रतिको जिम्मेबारी तथा कर्तव्यबोध गरौं,
– रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
– विकास निर्माणका कार्यमा सहभागी बनौं.
– अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
– सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा–२ ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी